# गौमुखी गाउँपालिका

# स्थानीय राजपत्र


## गौमुखी गाउँपालिकाद्वारा प्रकाशित

खण्डः ८ सङ्ख्याः ४ मितिः २०८२/०९/०८


## भाग-२

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ बमोजिम गौमुखी गाउँपालिकाको गाउँ कार्यपालिकाले जारी गरेको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**संवत् २०८२ सालको कार्यविधि नं. ४**

## भकारो सुधार कार्यक्रम सञ्चालन (पहिलो संशोधन)कार्यविधि २०८२

प्रस्तावनाः गौमुखी गाउँपालिका भकारो सुधार कार्यक्रम सञ्चालन कार्यविधिमा संशोधन गर्न वाञ्छनीय भएकाले,

गौमुखी गाउँपालिका गाउँ कार्यपालिकाले यो कार्यविधि वनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** क) यो कार्यविधिको नाम भकारो सुधार कार्यक्रम सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०८२ रहेको छ ।

ख) यो कार्यविधि राजपत्रमा प्रकाशन भएपछि प्रारम्भ हुनेछ ।

२. **मूल कार्यविधिको दफा ९ मा संशोधनः** मूल कार्यविधिको दफा ९ मा रहेको देहायको

**९. अनुदान रकमको व्यवस्थाः** वडा बाट छनोट भएका कृषक समुहलाइ मुल्याङ्कन गरि प्रति भकारो सुधारका लागि बढिमा रु। १००००। (दश हजार मात्र) सम्म अनुदान रकम उपलब्ध गराईनेछ । उक्त रकम सम्बन्धित व्यक्तिको बैंक खाता मार्फत उपलब्ध गराईनेछ ।

भन्ने वाक्यांस हटाई देहाए वमोजिमको व्यवस्था गरिएको छः-

**९. अनुदान रकमको व्यवस्थाः** वडाबाट छनौट भएका कृषक समुहलाई मुल्याङ्कन गरि प्रति भकारो सुधारका लागि रु १०,०००।- (दश हजार मात्र) मा नबढ्ने गरि थप ५०% बढी काम गर्ने गरि रु १०,०००।—(दश हजार मात्र) अनुदान रकम उपलब्ध गराईनेछ । उक्त रकम सम्बन्धित व्यक्तिको बैंक खाता मार्फत उपलब्ध गराईनेछ ।

३. **मूल कार्यविधिको दफा १२ मा संशोधनः** मूल कार्यविधिको दफा १२ मा रहेको देहायको

कार्यक्रम व्यवस्थापन समितिको गठनः सम्बन्धित वडाको वडा अध्यक्षको संयोजकत्वमा देहाय बमोजिमको कार्यक्रम व्यवस्थापन समिति गठन हुनेछ ।

क) सम्बन्धित वडाको वडा अध्यक्ष —संयोजक

ख) आर्थिक प्रशासन शाखा — सदस्य

ग) वडाको कृषि र पशु प्राविधिक — सदस्य

घ) प्राविधिक शाखा — सदस्य

ङ) कृषि र पशु सेवा शाखा — सदस्य सचिव

भन्ने व्यवस्था हटाई देहाए वमोजिमको व्यवस्था गरिएको छः-

१२) कार्यक्रम व्यवस्थापन समितिको गठनः गाउँपालिका अध्यक्षको संयोजकत्वमा देहाय बमोजिमको कार्यक्रम व्यवस्थापन समिति गठन हुनेछ ।

क) गाउँपालिका अध्यक्ष —संयोजक

ख) गाउँपालिका उपाध्यक्ष — सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत — सदस्य

घ) विषयगत समिति संयोजक — सदस्य

ङ) कृषि शाखा —सदस्य सचिव

आज्ञाले,
प्रमुख प्रशासकीय अधिकृत
गौमुखी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय